अनुवाद गरिएको यो पीडीएस सन् २०१४ मार्च ३ को अंग्रेजी संस्करणमा आधारित छ ।

आयोजना तथ्यांक विवरण

आयोजना तथ्यांक विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ । आयोजना तथ्यांक विवरण भनेको निरन्तर चलिरहेको प्रकृया हो । कतिपय जानकारी शुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् । त्यस्ता जानकारीहरूलाई समेत क्रमबद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाको बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा सांकेतिक हुन् ।

तथ्यांक विवरण जारी मिति	–
विवरण अद्यावधिक मिति	२० फेब्रुअरी २०१४

आयोजनाको नाम	बाग्मती नदी जलाधार सुधार आयोजना
देश	नेपाल
आयोजना/कार्यक्रम नम्बर	४३४४८-०१३ (43448-013)
अवस्था	स्वीकृत
भौगोलिक अवस्थिति	–

कुनै विशेष भूभाग वा भौगोलिक क्षेत्रको अवस्थिति वा सन्दर्भ उल्लेख गर्दा वा यो दस्तावेजमा 'देश' वा 'राष्ट्र' भन्ने शब्द प्रयोग गरिँदा एडीबीले यस्तो कुनै पनि भूभाग वा क्षेत्रको कानुनी एवं अन्य कुनै हैसियतका बारेमा निर्णायक अवधारणा व्यक्त गर्ने अभिप्राय राखेको हुँदैन ।

क्षेत्र र/तथा उपक्षेत्रको वर्गीकरण	बहुक्षेत्र/बहुक्षेत्र
विषयगत वर्गीकरण	क्षमता विकास आर्थिक विकास वातावरणीय दिगोपन सामाजिक विकास जलवायु परिवर्तन
लैङ्गिक मुलप्रवाहीकरण समूहहरू	प्रभावकारी लैंगिक मूल प्रवाहीकरण

वित्तीय विवरण

सहयोगको प्रकार/स्वरूप	स्वीकृत संख्या	वित्तीय स्रोत	स्वीकृत रकम (अमेरिकी डलर हजारमा)
अनुदान	०३६७	एसियाली विकास कोष	४,५००
ऋण	३०५७	एसियाली विकास कोष	२५,५००
प्राविधिक सहायता	८५००	जलवित्तीय साझेदारी सुविधा- वहुदातृ	५००
–	–	समकक्षी	६,०००
जम्मा			**३६,५०० अमेरिकी डलर**

सुरक्षण समूहहरू

सुरक्षण समूहहरूको विस्तृत जानकारीका लागि कृपया तलको लिंक हेर्नुहोला:
http://www.adb.org/site/safeguards/safeguard-categories

वातावरण	ए
अनैच्छिक पुनर्वास	सी
आदिवासी जनसंख्या	सी

वातावरणीय र सामाजिक विषयवस्तुको सारांश

वातावरणीय पक्षहरू

आयोजनाका लागि तयार पारिएको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अन्तर्गत वातावरणीय व्यवस्थापन योजनाहरू पर्दछन् जसले वाँध/हरूको डिजाइन, निर्माण र सञ्चालन तथा वाग्मती नदीको माथिल्लो भागमा सुधारका कार्यहरू गर्दा अपनाउनु पर्ने वातावरणीय क्षति न्यूनीकरणका उपायहरू स्पष्ट गरेको छ । आयोजना व्यवस्थापन, ढाँचा र सुपरिवेक्षण परामर्श (PMDSC) ले खटाउने वातावरणीय परामर्शदाताको सहयोगमा आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) को काम निम्न अनुसार हुनेछ : (क) विस्तृत डिजाइनमा आधारित रही वातावरणीय प्रभाव मूल्यांकन (EIA) र वातावरणीय व्यवस्थापन योजना (EMP) समेतलाई अद्यावधिक गर्ने, (ख) बोलपत्रका दस्तावेज र सार्वजनिक कामका करारहरूमा वातावरणीय व्यवस्थापन योजनाहरू समावेश छन् भन्ने सुनिश्चित गर्ने, (ग) आयोजनाको वातावरणीय व्यवस्थापनका पक्षहरूमा रहेका कमी कमजोरीहरू देखाउने र ठेकेदाहरूबाट वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन भएको छ भन्ने सुनिश्चित गर्ने, (घ) ठेकेदारहरूले वन र र सडकबाट लिनुपर्ने अनुमतिका साथै कामका लागि लिनु पर्ने अन्य सान्दर्भिक स्वीकृतिहरू र सरकारका सबै नीति नियमहरू पालना गरेका छन् भन्ने सुनिश्चित तथा सहजीकरण गर्ने, (ङ) वातावरणीय व्यवस्थापन योजनाहरू (EMPs) को

कार्यान्वयन सही ढंगबाट गर्नका लागि ठेकेदारहरूलाई अनुगमन गर्ने र मार्ग निर्देशन दिने, (च) कार्यान्वयन भएका वातावरणीय व्यवस्थापन योजनाहरू (EMPs) को प्रभावकारीता समीक्षा, अनुगमन र मूल्यांकन गर्ने र आवश्यक भएमा सुधारात्मक कदमहरूका लागि सिफारिस गर्ने, (छ) त्रैमासिक वातावरणीय अनुगमन प्रतिवेदनहरू र अर्ध-वार्षिक अनुगमन प्रतिवेवदनहरू एकीकृत गरी एडीबीलाई पेश गर्ने, (ज) अन्तिम वातावरणीय प्रभाव मूल्यांकनहरू (EIAs) समयमै सर्वसाधारणको पहुँच पुग्ने स्थान र स्वरूपमा सार्वजनिक गर्न सुनिश्चित गर्ने, (झ) वातावरणीय प्रभावहरू छैनन् भन्ने सुनिश्चित गर्न आवश्यक भएका बेला सुधारात्मक कदमहरू चाल्ने, (ञ) आयोजना कार्यान्वयनको अवधिमा समुदायसँग जारी परामर्श सञ्चालन गर्ने, र (ट) गुनासो निदान संयन्त्र स्थापना गर्ने र सो संयन्त्रले सन्तोषजनक ढंगबाट काम गरिरहेको सुनिश्चित गर्ने । आयोजनाको प्रारम्भिक ढाँचाले भूकम्प, पहिरो, बाढी र जलवायु परिवर्तनसँग सम्वन्धित क्षति न्यूनीकरणका उपायहरू अवलम्वन गरेको छ । धाप बाँध र माथिल्लो वाग्मतीका सुधार कार्यहरूसँग सम्वन्धित विस्तृत डिजाइन जलाधारमा हुने जलवायु परिवर्तन, वास्पीकरणमा वायुचापको प्रभाव, आकासबाट परेको पानीको वहाव र नदीको जलचाप जस्ता प्रभावहरूमा आधारित हुनेछन् । आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) मा एक वातावरणीय विशेषज्ञ हुनेछ जसलाई तालिम दिइनेछ र उसले आयोजना व्यवस्थापन र सुपरिवेक्षण परामर्श (PMSC) वातावरणीय विशेषज्ञसँग निर्माण अवधिमा वातावरणीय व्यवस्थापन योजनाको अनुगमन र कार्यान्वयनको काम गर्नेछ । आयोजना सञ्चालनका क्रममा के अपेक्षित छ भने, एकीकृत वाग्मती सभ्यता विकासका लागि उच्चस्तरीय समिति (HPCIDBC) ले वातावरणीय अनुगमनका कार्यहरू गर्नेछ । यी संस्थाका कर्मचारीहरूलाई आवश्यक तालिम दिइनेछ । वातावरणीय व्यवस्थापन योजना (EMP) कार्यान्वयनका लागि अनुमानित लागत १३२,५०० अमेरिकी डलर लाग्नेछ ।

अस्वैच्छिक पुनर्वास

यो आयोजना अन्तर्गत कुनै पनि पुनर्वासको आवश्यकता देखिएको छैन । आयोजना कार्यान्वयनका बेला हाल नदेखिएको पुनर्वाससम्बन्धी प्रभावहरू देखा परेमा सुरक्षण दस्तावेजहरूलाई व्यावहारिक रूपमा मार्गनिर्देश गर्ने उपायहरूका लागि एउटा पुनर्वास मस्यौदाको कार्यरूप (DRF) भने तयार पारिएको छ ।

आदिवासी जनसंख्या

आयोजना कार्यान्वयनको अवधिमा कुनै पनि आदिवासी जनसंख्यासम्वन्धी सवालहरू आइपर्ने देखिएको छैन ।

सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श

आयोजना निर्माणको समयावधीमा

यो आयोजना एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) सिद्धान्तमा आधारित भई विकसित गरिएको थियो जसको अन्तिम लक्ष्य सरोकारवालाहरूलाई जलस्रोत व्यवस्थापन र विकासको साझा दूरदृष्टि बनाउन एकसाथ ल्याउनु हो । बाग्मती जलाधारका लागि यस्तो लक्ष्यको उपलब्धि हासिल गर्न सबै सम्वद्ध सरोकारवालाहरू (सरकारी, गैर-सरकारी, नागरिक समाजहरू, प्राज्ञिक वर्ग, धार्मिक समूहहरू, नीजि क्षेत्र) सँग कार्यशाला, समूह केन्द्रित छलफलहरू, प्राविधिक कार्य सम्पादन बैठक/हरूका रूपमा सघन परामर्श आवश्यक थियो जुन सुरुमै सन् २०१० को अक्टोबरदेखि आरईटीए- ७५४७ : जलाधारहरूमा जलसुरक्षा सहायता लगानीहरूद्वारा गरिएको थियो । जलाधार संस्थाहरू (RBO) गठन गर्नेतर्फ सहायता एकीकृत गर्न यस्तै परामर्शहरू पीपीटीएको अवस्थामा जलाधार सम्वद्ध सरोकारवालाहरूका साथ निरन्तर गरिएको थियो । जलसम्वद्ध सरकारी र नागरिक समाजका संस्थाहरूका विशेषज्ञहरू संलग्न समितिबाट वाग्मती नदी जलाधारका लागि एउटा संस्थागत प्रस्ताव तयार पार्नका लागि एडीबी, जल तथा उर्जा सचिवालय (WECS) र वाग्मती सभ्यताको एकीकृत विकासका लागि उच्चस्तरीय समिति (HPCIDBC), परामर्शदाताहरू, र अन्य जलाधारसम्वद्ध सरोकारवालाहरूबीच निकट अन्तर्क्रिया भएको थियो ।

आयोजना कार्यान्वयनको समयावधीमा

ऋण ३०५७/अनुदान ०३६७- नेपाल : बीआरबीआईपीका लागि सहभागितामूलक र संस्थागत रणनीतिक योजना तय गरिएको थियो । बीआरबीआईपीका लागि निम्न ७ मुख्य सरोकारवालाहरू, सहभागिता र संस्थागत रणनीतिहरू परिकल्पना गरिएको थियो : (क) बाग्मती जलाधार संस्था (RBO) (माथि उल्लेख भए अनुसार) जसले नदी पुनर्स्थापनाका लागि एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) का उद्देश्यहरू पहिचान र कार्यान्वयन गराउँछ, (ख) सहभागिता र जल सम्वादका लागि सुधारिएका संयन्त्रहरू, (ग) संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि, (घ) गैरसरकारी संस्थाका लागि अवसरको विकास, (ङ) सरोकारवालका सञ्चार रणनीति, (च) ज्ञानमा आधारित निर्णयहरूको पहिचान, र (छ) एउटा उपयुक्त कानूनी कार्यसंरचना ।

वर्णन

वाग्मती नदी जलाधार सुधार आयोजनाले जल सुरक्षण र संभावित जलवायु परिवर्तनको प्रभावबाट उक्त जलाधार क्षेत्रमा पर्न सक्ने प्रतिकूल असरको अनुकुलन क्षमता सुधार गर्ने लक्ष्य लिएको छ । आयोजनाले जल व्यवस्थापन र बाग्मती जलाधार (BRB) मा नदीको वातावरण सुधार गर्ने नेपाल सरकार र नागरिक समाजको जारी प्रयासहरूमा परिपूरकको काम गर्नेछ । एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) का लागि आयोजनाले पर्याप्त क्षमता र निर्णय सहायता प्रणालीहरू सहितको एउटा जलाधार संस्था निर्माणमा लगानी गर्नेछ । यसले वाग्मती नदीको माथिल्लो क्षेत्रमा जलभण्डार निर्माण, रिभरबेड अक्सिजनेटिङ वेयरर्स, नदी किनारलाई सुन्दर बनाउने कार्य र काठमाडौं उपत्यकामा नदीको वातावरण सुधार गर्ने समुदायका पहलहरूमा लगानी गर्नेछ । आयोजनाको प्रभाव बाग्मती नदी किनारमा सुधारिएको जलसुरक्षण हुनेछ । आयोजनाको उपलब्धि सुधारिएको नदी स्वास्थ्य र बाढी व्यवस्थापन हुनेछ । यो आयोजना राष्ट्रिय जल योजना अन्तर्गत सन् २००५ मा एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) का अवधारणा र सिद्धान्तहरू लागू भएयता यसलाई नेपालमा पहिलो पटक कार्यान्वयन गर्ने प्रयास हो । जलाधार रणनीतिक लगानी मार्गचित्रका जलाधार सरोकारवालाहरूद्वा छनौट गरिएका प्राथमिकताका विषयहरूमा केन्द्रित हुनेछ । मार्गचित्र सन् २००९ को बाग्मती कार्ययोजनाका साथै जलाधार सरोकारवालाहरूसितको थप छलफलहरूमा आधारित छ । आयोजनाका ५ नतिजा छन् :

(क) एकीकृत तथा सहभागितामूलक जलाधार व्यवस्थापनका लागि प्रणालीहरू र क्षमता स्थापना गर्ने । यो गतिविधि अन्तर्गत- (१) एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) का लागि कानूनी र संस्थागत सुदृढीकरण तथा जलाधार संस्था (RBO) को गठन, (२) जलाधार सरोकारवालाहरूको परिचालन, (३) जलाधार संस्था (RBO) को बढ्दो क्षमता अभिवृद्धि गर्ने, (४) एउटा निर्णय सहायता प्रणाली सहितको केन्द्रीय जलस्रोत सूचना प्रणाली र पानीको गुणस्तर अनुगमन कार्यसञ्जाल स्थापना गर्ने, र (५) १५ वर्षे सहभागितामूलक एकीकृत जलाधार गुरू योजना तयार पार्ने पर्दछन् ।

(ख) सहरी क्षेत्रहरूमा सुधारिएको नदी किनारको वातावरण । यस अन्तर्गतका गतिविधिहरू छन्- (१) नदीका प्रदूषित सामग्रीहरू हटाउने, (२) नदीमा छेकबारहरू बनाउने र यसलाई आफैं सफा रहन मद्दत पुग्ने क्षमता बढाउने, (३) नदी किनारलाई एकनासको र सुन्दर बनाउने, (४) नदी किनारको व्यवस्थापन र मर्मतसम्भारका लागि स्थानीय सरकार र समुदायहरूलाई परिचालन गर्ने, चेतना अभिवृद्धि गर्ने र क्षमता अभिवृद्धि गर्ने, र (५) नीजि क्षेत्रसित सहकार्य गर्ने जसले सार्वजनिक-नीजि साझेदारी वा सामाजिक कर्पोरेट गतिविधिहरूको हिस्साका रूपमा लगानी जुटाएर नदी किनारमा मनोरञ्जन व्यवसाय स्थापनाका लागि अभिरूची प्रकट गरेको छ ।

(ग) जलाधारमा सुख्खा याममा पनि पानीको उपलब्धता र जल अवरोधकको संरक्षण । यस अन्तर्गतका गतिविधिहरू हुन्- (१) ८६१,००० क्युविक मिटरको धाप बाँध बनाउने र ८ मिलियन क्युबिक मिटरको नागमती बाँधको विस्तृत डिजाइन सक्ने, (२) आकासे पानी संकलन र जमीनको जलस्रोत कायम राख्ने, र (३) नदीको माथिल्लो क्षेत्रमा जल अवरोधक व्यवस्थापन कार्यान्वयन गर्ने ।

(घ) बाग्मती जलाधारका लागि बाढीको भविश्यवाणी र पूर्वसूचना प्रणाली । यस अन्तर्गत- (१) विद्यमान बाढीको भविश्यवाणी प्रणालीको स्तरोन्तति गर्ने, (२) बाढीको पूर्व सूचना प्रणाली स्थापना गर्ने, र (३) बाढीबारे जनचेतना जगाउने र क्षमता अभिवृद्धि गर्ने पर्दछन् ।

(ङ) सरोकारवालासँग प्रभावकारी सञ्चारका साथै दक्षतापूर्ण ढंगले आयोजना व्यवस्थापन । यस अन्तर्गतका गतिविधि छन्- (१) सवल आयोजना व्यवस्थापन र आयोजना कार्यान्वयन इकाइहरूको स्थापना, (२) समसयमै खरीद र निकासा गर्ने र (३) अयोजना सञ्चार रणनीति र अनुगमन कार्यान्वयन ।

आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध

बाग्मती नदीले मुलुकको राष्ट्रिय संस्कृतिमा विशेष स्थान लिएको छ । यसलाई एउटा पवित्र नदीका रूपमा मानिन्छ र यसका किनारहरूमा ठूलो सांस्कृतिक महत्व भएका मन्दिर तथा दाहसंस्कार गर्ने घाटहरू छन् जसले संसारभरका हिन्दू भक्तजनहरूलाई यहाँ आउन आकर्षित गरेका छन् जो परम्परागत रूपमा यहाँ स्नान गरेर आफूलाई शुद्धिकरण गर्दछन् । बाग्मती नदीले मुलुकको राजधानी सहर र तल्लो क्षेत्रका समुदायहरूमा पानी आपूर्तिको आवश्यकतामा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यसको ठूलो आर्थिक महत्व पनि छ । साथै काठमाडौं उपत्यका नदी र जलाधार क्षेत्रको दीर्घकालीन सिंचाइका दृष्टिले पनि यसको आर्थिक महत्व छ । काठमाडौं सहरको द्रुत र अव्यवस्थित विस्तारले बाग्मती नदीको पानीका स्रोतहरूमा भीषण दवाव परेको छ । उपयुक्त फोहोर संकलन र प्रदूषित पानी प्रशोधन प्लान्टहरूको अभावमा नदी मुख्य नालाको रूपमा परिणत भएको छ । नदी किनारहरूमा जम्मा भएका ठोस फोहोरले नदीको वातावरण झन् बिगारेको छ । तीव्र सहरीकरणले उपत्यकाको पानी आपूर्ति बितरणमा चर्को दबाब पारेको छ । सुख्खा याममा करिब ८० प्रतिशत बाग्मती नदीको वहाव घरेलु प्रयोजनका लागि अन्तै मोडिएको हुन्छ, जसले गर्दा सिचाईं र वातावरणलगायत अन्य क्षेत्रहरूका लागि एकदमै कम मात्र वहाव हुन्छ । सतहको पानीबाट मात्र माग पूर्ति हुन नसकेपछि ठूलो हिस्सा जमीनको पानीबाट आपूर्ति हुन्छ । जमिनबाट निकालिने पानीको मात्रा प्राकृतिक रूपमा पूर्ति हुनेभन्दा ४ देखि ५ गुणा ज्यादा हुने गरेको र यसले गर्दा जमिनमुनिको पानीको सतह २० वर्षको अवधिमा मात्रै ३५ मिटर तल पुगेको अनुमान छ । (क) पानी पुनः निस्कने क्षेत्रहरू आवासीय क्षेत्रमा परिणत हुनु, (ख) नदीको सतह घट्नु र वालुवा निकाल्नाले यसको पिंध अझ तल पुग्नु, र (ग) नदीको माथिल्लो भेगमा परेको पानी बगेर नदीमा जाने क्षेत्रको गिरावटले यो अवस्थालाई अझै खराब बनाएका छन् । सहरमा यो स्थिति विद्यमान रहेकाले नदी जैविक दृटिले मृत भैसकेको छ र फोहोर पानीले नराम्ररी प्रदूषित भएको छ जसले गर्दा तल्लो क्षेत्रमा पानी प्रयोग गर्नेहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्ने संभावना छ । काठमाडौं भित्रबाटै उब्जिएका यी समस्याहरूका अतिरिक्त, नदीको मध्यभागतिर ठाडो भिरालो र भत्केका छेकबारले पहिरो र बाढीको गम्भीर समस्या सिर्जना गरेका छन् जसले पूर्वाधार र वस्ती दुबैलाई खतराको चेतावनी दिएको छ, बढ्दो ग्रामीण गरिबीको कारण बनेको छ र तल्लो क्षेत्रमा ठूलो थेग्रानको स्रोतहरू बनेको छ । नदी तराईको समतल भूभागमा प्रवेश गर्ने तल्लो क्षेत्रमा बारम्बारको बाढी र नदी किनारको कटान जनताको जिविकाका लागि मुख्य चुनौती भएको छ । सन् १९९३ मा आएको बाढीले मात्र ७ सय ८९ जनाको मृत्यु हुनुका साथै ३०,२०० जनता प्रभावित भएका थिए भने घरहरू र सार्वजनिक पूर्वाधारहरूमा समेत ठूलो क्षति भएको थियो । यसैगरी, जमिनको पानी समेत मिलाएर उपयोग गरी अझ प्रभावकारी सिचाइ प्रविधिहरूमार्फत् मिलाउने प्रणाली विकास गरेर सिंचाईलाई सुधार गर्न सकिन्छ । नदीको पानीको प्रतिस्पर्धात्मक र अनियन्त्रित उपयोगले यसको समग्र दिगो विकासमा नकारात्मक असर पारेको छ । बाग्मती नदीको पानीको स्रोतहरूबाट काठमाडौंको पानीको आपूर्ति सुधार गर्ने योजनाहरू तल्लो तटीय क्षेत्रका उपयोगकर्ता र वातावरणमैत्री वहावलाई ख्याल नगरी बनाइएका थिए । बाढी नियन्त्रण कार्यहरू र सिंचाई विकास पनि अन्य क्षेत्रहरूको आवश्यकताहरूलाई ख्याल नगरी एक्लै योजना बनाइएका थिए । यसैगरी, सहरी फोहोर पानी र मैला, जमिनको पानी निष्कासन, बालुबा झिक्ने कार्य, र नदीमा ठोस फोहोर फ्याँक्ने कार्य पनि नियन्त्रण गरिएको छैन । नागरिक समाजको दह्रो अभियान र आम सर्वसाधारणको बाग्मती नदी पुनर्स्थापनाको चासो नै संभवतः यीमध्येका अधिकांश आधारभूत समस्याहरूसँग जोडिएका छन् । यद्यपी, बाग्मती नदीका समस्या हल गर्नका निम्ति तयार पारिएका विगतका योजनाको तर्जुमा र

ढाँचा निर्माणका क्रममा भने उनीहरूलाई नै कम ध्यान दिइयो र परिणामस्वरूप आयोजनाको सफलतापूर्वक कार्यान्वयनमा लाभ हासिल गर्ने अपेक्षित वर्गको कम स्वामित्व रह्यो । सरकारलाई सहभागितामूलक आइडब्लुआरएम पद्धति लागू गर्नमा सघाउन एसियाली विकास बैंक (एडीबी) ले २०१० टीए ७५४७-आरइजी : नदी जलाधार क्षेत्रमा जल सुरक्षाका लागि सहायता लगानीहरू स्वीकृत गऱ्यो । यसका उद्देश्यहरू (क) नदी जलाधार क्षेत्रको संगठन र संभावित अधिकार क्षेत्रबारे सरोकारवालाहरूबीच सहमति जुटाउनु, (ख) सरोकारवालाहरूको क्षमता बढाउनु (ग) आरबीओ निर्माणमा सघाउनु, र (घ) नेपाल सरकारद्वारा सन् २००२ मा स्वीकृत बाग्मती कार्य योजनाको समीक्षा र विस्तार गर्नु छन् । सन् २०१३ मा स्वीकृतिका लागि रहेका बाग्मती नदी जलाधार सुधार आयोजना (बीआरबीआईपी) र काठमाडौं उपत्यका सहरी वातावरण सुधार आयोजना (केभीयुईआईपी) को आधार तयार गर्नका लागि क्षेत्रीय प्राविधिक सहायता लिईदैछन् ।

फोहोर पानी व्यवस्थापनमा केन्द्रित केभीयुईआईपीसँगै बीआरबीआईपी यसअघि नै जलाधारको जल सुरक्षामा योगदान गरिरहेका लगानीहरूमा आधारित हुनेछ । यी अन्तर्गत, (क) चालू दुई आयोजनाहरू- एडीबी/जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले लगानी गरेका आयोजनाहरू : ऋण १८२० नेपालः मेलम्ची पानी आपूर्ति आयोजना, र ऋणहरू २०५८/२०५९- नेपालः काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास आयोजना गरी कूल ३३१ मिलियन अमेरिकी डलर, र (ख) एडीबीद्वारा लगानी गरिएको १३० मिलियन अमेरिकी डलरको काठमाडौं उपत्यका पानी आपूर्ति आयोजना सन् २०११ मा स्वीकृतिका लागि, छन् । यी आयोजनाहरू पानी आपूर्ति र फोहोर पानी व्यवस्थापनमा केन्द्रित भए पनि बीआरबीआईपीले समग्र नदीको पानी व्यवस्थित गर्ने सवाल र माथिल्लो/तल्लो क्षेत्रका समुदाय, ग्रामीण/सहरी समुदाय वा ती क्षेत्रहरूबीच अझै समतामूलक ढंगबाट पानी व्यवस्थापन र विकास सुनिश्चित गर्ने एउटा विस्तृत एकीकृत पद्धतिलाई अख्तियार गर्ने लक्ष्य लिएको छ । यसले आइडब्लुआरएम र जलाधार योजनालाई केवल थालनी मात्र गराउने छैन, बरु नदीको वातावरण सुधारका लागि ग्रामीण जल विकासका मुख्य सवालहरू र परिपूरक प्रयासहरू समेत गर्नेछ । आयोजना एडीबीको नेपाल राष्ट्रिय साझेदारी रणनीति अनुकूल छ जसले चार स्तम्भहरू- (क) फराकिलो दायरामा आधारित र समावेशी आर्थिक बृद्धि, (ख) समावेशी समाजिक विकास, (ग) सुसाशन र क्षमता अभिवृद्धि, र (घ) जलवायु परिवर्तनमा सामञ्जस्य र वातावरणीय दिगोपन लाई प्रवर्द्धन गरी नेपालको शान्ति र विकासका लक्ष्यहरूमा सघाउने उद्देश्य लिएको छ । आयोजना नेपाल राष्ट्रिय कार्यसञ्चालन योजना (सीओबीपी) २०११-२०१३ मा समावेश छ ।

विकास प्रभाव

बाग्मती नदी जलाधार क्षेत्रमा सुधारिएको जल सुरक्षा

आयोजनाको उपलब्धी

उपलब्धीको विवरण	उपलब्धीका लागि भएका प्रगति विवरण
सुधारिएको नदी वातावरण र वाढी व्यवस्थापन	–

उपलब्धी र कार्यान्वयनको प्रगति विवरण

आयोजनाको उपलब्धीहरूको विवरण	आयोजना प्रगति विवरणको अवस्था (उपलब्धी, कार्यक्रमहरू र विषयबस्तुहरू)
एकीकृत र सहभागितामूलक नदी जलाधार व्यवस्थापनका लागि प्रणालीहरू र क्षमता स्थापित । सहरी क्षेत्रहरूमा सुधारिएको नदी किनाराको वातावरण । नदीमा सुख्खा याममा पनि बढ्ने गरी पानीको उपलब्धता र पानी खस्ने ठाउँको छेकबार संरक्षण आयोजना दक्षतापूर्ण ढंगबाट व्यवस्थापन हुनुका साथै सरोकारवालाहरूको प्रभावकारी सञ्चार ।	–
विकास आयोजनाहरूको स्थिति	**भौतिक सुधारहरू**
–	–

व्यवसायिक अवसरहरू

पहिलो सूचीकृत मिति	**२६ सेप्टेम्वर २०१३**

परामर्श सेवाहरू

आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) लाई आयोजना व्यवस्थापनको योजना बनाउन र कार्यान्वयन गर्न, डिजाइन समीक्षा गर्न, नदी किनार संस्था गठन र सहायताका लागि, एकीकृत जलाधार विकास व्यवस्थापन योजना बनाउन, खरीद सहायता र निर्माण सुपरिवेक्षण गर्न परामर्श सेवाहरूका लागि कूल ३६४ व्यक्ति-महिना (४३ व्यक्ति-महिना अन्तर्राष्ट्रिय र ३२१ व्यक्ति-महिना राष्ट्रिय) उपलब्ध गराइनेछ । बाग्मती जलाधार संस्था (RBO) निर्माणका लागि निर्णय सहायता प्रणाली स्थापना गर्न र १५ वर्षे एकीकृत जलाधार विकास गुरूयोजना बनाउनका निम्ति जल तथा उर्जा सचिवालय (WECS) लाई सघाउन ९७ व्यक्ति-महिनाको परामर्श सेवाहरू (२५ व्यक्ति-महिना अन्तर्राष्ट्रिय र ७२ राष्ट्रिय) उपलब्ध गराइनेछ । यस अतिरिक्त वाग्मती सभ्यताको एकीकृत विकासका लागि उच्चस्तरीय समिति (HPCIDBC) को पानीको गुणस्तर अनुगमन प्रणाली स्तरोन्नतिका लागि जम्मा २० व्यक्ति-महिना (८ व्यक्ति-महिना अन्तर्राष्ट्रिय र १२ व्यक्ति-महिना राष्ट्रिय) उपलब्ध गराइनेछ । त्यस अतिरिक्त, जल तथा मौसम विज्ञान विभागलाई बाढीको विद्यमान भविश्यवाणी प्रणालीहरू सुधार गर्न र बाढीको चेतावनीको जानकारी दिने कार्यसञ्चालनका लागि जम्मा ३१ व्यक्ति-महिना (९ व्यक्ति-महिना अन्तर्राष्ट्रिय र २२ व्यक्ति-महिना राष्ट्रिय) उपलब्ध गराइनेछ । स्वतन्त्र वातावरणीय अनुगमन तथा मूल्यांकनका लागि १२ व्यक्ति-महिना (राष्ट्रिय) उपलब्ध गराइनेछ । प्राविधिक सहायता अनुदान अन्तर्गत जल तथा उर्जा सचिवालय (WECS) लाई जलाधार संस्था (RBO) गठनका लागि २२ व्यक्ति-महिना व्यक्तिगत परामर्शदाताहरू (अन्तर्राष्ट्रिय) उपलब्ध गराइनेछ । सामुदायिक चेतना र सहभागिता कार्यक्रम तथा लैंगिक समानता र सामाजिक समावेशिता कार्ययोजना कार्यान्वयन, घरपरिवारको तहमा आकासे पानी संकलन तथा ठोस फोहोरमैला कार्यक्रम चलाउन र जल शिवपुरी राष्ट्रिय निकुञ्जमा जल अवरोधक व्यवस्थापनका लागि आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) लाई सघाउन गैरसरकारी संस्थाहरूका १३६ व्यक्ति-महिना (सबै राष्ट्रिय) पनि उपलब्ध गराइनेछ ।

खरीद

एडीबीले लगानी गर्ने सबै खरीदका कामहरू, सामान र सेवाहरू एडीबीको खरीद निर्देशिका (२०१३, समय समयमा संशोधित) अनुसार हुनेछ । १ मिलियन अमेरिकी डलरभन्दा माथिका सार्वजनिक कार्य र ५ लाख अमेरिकी डलरभन्दा माथिको सामानको ठेक्काका लागि अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धात्मक बोलकबोल (ICB) प्रक्रिया अपनाइनेछ । १ मिलियन अमेरिकी डलरभन्दा कमको सार्वजनिक कार्य र ५ लाख अमेरिकी डलरभन्दा कमको सामानका लागि

राष्ट्रिय प्रतिस्पर्धात्मक बोलकवोल (NCB) प्रक्रियाहरू अपनाइनेछ । १ लाख अमेरिकी डलर भन्दा कमको सार्वजनिक कार्य र सामानका लागि बजार-खरीद प्रक्रिया अपनाइनेछ । परामर्शदाताहरूको छनौट र संलग्नता एडीबीको परामर्शदाताहरूको प्रयोग निर्देशिका (२०१०, र समय समयमा संशोधित) अनुसार हुनेछ । एडीबीले सरकारका तर्फबाट आयोजना व्यवस्थापन, ढाँचा र सुपरिवेक्षण परामर्श (PMDSC) को जनशक्ति भर्ना गर्नेछ । परामर्शदातासँग सम्झौता र हस्ताक्षर, , काम शुरु गर्न निर्देश गर्ने कार्य, र परामर्शदाताहरूको सेवाको सुपरिवेक्षण गर्ने जिम्मेवारी भने कार्यान्वयन गर्ने निकायकै हुनेछ । (सन्दर्भ : आयोजना प्रशासन जानकारी, खण्ड २.०५, अनुच्छेद ४७) । परामर्शदाताहरू गुणस्तर र मूल्यमा आधारित छनौट (QCBS) पद्धतिका आधारमा ९०:१०को गुणस्तर गुण-मूल्य अनुपातसहित संलग्न हुनेछन् । कुनै पनि खरीद सुरू गर्नु अघि एडीबी र सरकारले एडीबीको खरीद निर्देशिकाहरू अनुकूल काम भए/नभएको सुनिश्चितताका लागि सार्वजनिक खरीद कानूनहरूको समीक्षा गर्नेछन् ।

खरीद र परामर्शका सूचनाहरू

http://www.adb.org/projects/43448-013/business-opportunities

समय तालिका

अवधारणा पारित	३१ अक्टोबर २०१३
तथ्य प्राप्ति	१६ अप्रिल २०१३ देखि २६ अप्रिल २०१३
व्यवस्थापन समीक्षा बैठक	१८ जुलाई २०१३
स्वीकृत	३१ अक्टोबर २०१३
पछिल्लो समीक्षा मिसन	–

महत्वपूर्ण तथ्याङ्कहरू

स्वीकृत नम्बर	स्वीकृत	हस्ताक्षर	प्रभावकारिता	समाप्ती		
				मूल	परिष्कृत	वास्तविक
ऋण ३०५७	३१ अक्टोबर २०१३	–	–	२९ फेब्रुअरी २०	–	–

उपयोगीता

मिति	स्वीकृत नम्बर	एडीबी (अमेरिकी डलर हजारमा)	अन्य (अमेरिकी डलर हजारमा)	खुद प्रतिशत
सञ्चित सम्झौता निर्णय				
२७ फेब्रुअरी १४	**ऋण ३०५७**	0	0	0.00%
सञ्चित खर्च				
२७ फेब्रुअरी १४	**ऋण ३०५७**	0	0	0.00%

सम्झौतापत्रको अवस्था

संझौतापत्रहरूलाई निम्न भागमा वर्गीकरण गरिएको छ : लेखापरीक्षण गरिएको आयोजनाको वित्तीय विवरण, सुरक्षणहरू, सामाजिक, क्षेत्र, वित्तीय, आर्थिक, र अन्य । संझौताको पालनालाई देहाय बमोजिम वर्गीकरण गरी विभाजन गरिएको छ । (१) सन्तोषजनक- संझौतापत्रमा उल्लेख भएका सबै कामहरू पूरा भएका हुनेछन्, बढीमा एउटासम्म अपवाद स्वीकार गरिनेछ । (२) आंशिक सन्तोषजनक- कुनै भागका बढीमा दुईबटासम्म दायित्वहरू पूरा गर्न बाँकी भएको अवस्थालाई जनाउनेछ । (३) असन्तोषजनक- तीन वा तीनभन्दा बढी दायित्वहरू पूरा गर्न बाँकी भएको अवस्था । सन् २०११ को सार्वजनिक सञ्चार नीति अनुसार आयोजनाको वित्तीय विवरणहरूका लागि संझौता पालनाको मूल्यांकन ती आयोजनाहरूलाई लाग्नेछ जसको लेनदेनको आग्रह सन् २०१२ को अप्रिल २ पछिको हुनेछ ।

स्वीकृत नम्बर	वर्गीकरण						
	क्षेत्र	सामाजिक	वित्तीय	आर्थिक	अन्य	सुरक्षण	आयोजनाको वित्तीय जानकारीहरू
–	–	–	–	–	–	–	–

सम्पर्क र विस्तृत जानकारी

जिम्मेबार एडीबी अधिकृत	आर्नउड एम. कुस्वा (acauchois@adb.org)
जिम्मेबार एडीबी विभाग	दक्षिण एशिया विभाग
जिम्मेबार एडीबी महाशाखा	वातावरण, प्राकृतिक संशाधन र कृषि महाशाखा, एसएआरडी
कार्यान्वयन गर्ने निकाय	सहरी विकास मन्त्रालय

लिङ्कहरू

आयोजना वेभसाईट	http://www.adb.org/projects/43448-013/main
आयोजनासम्बन्धी सामग्रीको सूची	http://www.adb.org/projects/43448-013/documents